"दिगो विकास समृद्धिका आधार, स्वायत्त र पर्याप्त पूर्वाधार"
माङसेबुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम
कोशी प्रदेश, नेपाल
"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"
कोशी प्रदेश

पत्र संख्या: २०८२/०८३ | मिति: २०८२/०८/१९
चलानी नं. ४४८ | ने. सं. ११४६ थिंलागा पारु-१६, शुक्रवार

विषय: परिपत्र गरिएको बारे ।

श्री वडा कार्यालयहरु सबै (वडा नं. १, २, ३, ४, ५ र ६)
माङसेबुङ गाउँपालिका, इलाम ।

प्रस्तुत विषयमा जिल्ला निर्वाचन कार्यालय, ईलामको मिति २०८२/०८/१९, प. सं. २०८२/०८३, च. नं. ४४ को **सूचना, अनुसूची-१ र नमूना फारमहरु पठाइएको सम्बन्धमा** भएको पत्रसाथ सूचना, फारम र ढाँचाहरु संलग्न भई आएको साथै त्यसलाई कार्यालयको सूचना पाटीमा टाँस गर्ने, आफ्नो फेसबुक पेज/वेवसाइटमा अपलोड गरी दिने सूचनाको बुँदा नं. १ र २ मा उल्लिखित विषयमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गरी दिने भनी लेखिआएको हुँदा त्यहाँ वडा कार्यालयबाट सोही बमोजिम गर्नु, गराउनु हुन अनुरोध छ ।

साथै, जिल्ला निर्वाचन कार्यालय, ईलामको पत्रसाथ संलग्न सूचना, फारम र ढाँचाहरु यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(बुद्धि प्रसाद खतिवडा)
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन:विकास, समृद्धि र सुशासन"
Email: mangsebung.ruralmun@gmail.com
Website: mansebungmun.gov.np

CamScanner

निर्वाचन आयोग

फोन/फ्याक्स नं.- ०२७-५२३५११
E-mail- deo.illam@election.gov.np

# जिल्ला निर्वाचन कार्यालय, ईलाम

## District Election Office, Ilam

पत्र संख्या- २०८२/०८३ मितिः- २०८२/०८/१९

चलानी नं. ४४

विषय- सूचना, अनुसूची-१ र नमूना फारमहरु पठाइएको सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
इलाम जिल्लाका १० वटै स्थानीय तहहरु, इलाम ।

प्रस्तुत विषयमा संवत् २०८२ साल फाल्गुण २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा शुद्ध र त्रुटिरहित मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि मिति २०८२ मंसिर २१ गतेदेखि मंसिर २७ गतेसम्म देशै भर मतदाता नामावली अद्यावधिक (दावी विरोध) कार्यक्रम, २०८२ सञ्चालन हुँदैछ ।

उल्लेखित कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने सन्दर्भमा जिल्ला निर्वाचन कार्यालय, इलामबाट इमेल मार्फत पठाइएका सूचना, अनुसूची-१ बमोजिमको कार्यतालिका र नमूना फारमहरु मिति २०८२ मंसिर २० गते विहान १०:०० बजे तहाँ स्थानीय तह र मातहतका वडा कार्यालयहरुको सूचना पाटीमा टाँस गर्ने, आफ्नो फेसबुक पेज/वेवसाइटमा अपलोड गरी दिने सूचनाको बुँदा नं. १ र २ मा उल्लेखित विषयमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गरी दिने व्यवस्था हुन अनुरोध छ ।

संलग्न सूचना, फारम र ढाँचाहरु

१. मतदाता नामावली अद्यावधिक (दावी विरोध) सम्बन्धी सूचना
२. अनुसूची-१ बमोजिम कार्यतालिका
३. त्रुटि सच्याउने, दोहोरो हटाउने र झुटा विवरण दिइ पेश भएका विवरण हटाउने अनुसूचीहरु
४. मृत्यु र बसाईसराई गएका विवरण हटाउने ढाँचा
५. applyvr.election.gov.np बाट अद्यावधिक (दावी विरोध) गर्ने विधि

देवी चरण फूयँल
जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग

फोन/फ्याक्स नं.- ०२७-५२३५११
E-mail- deo.illam@election.gov.np

# जिल्ला निर्वाचन कार्यालय, ईलाम

**District Election Office, Ilam**

पत्र संख्या- २०८२/०८३ मितिः- २०८२/०८/१९

चलानी नं.

विषय- <u>मतदाता नामावली अद्यावधिक (दावी विरोध) कार्यक्रम सम्वन्धी सूचना</u>

संवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि अन्तिम मतदाता नामावली तयार गर्न मिति २०८२ मंसिर २० गते निर्वाचन आयोगको वेव साइट www.election.gov.np मा मतदाता नामावली (दावी विरोध प्रयोजनका लागि) प्रकाशन हुदैछ । साथै इलाम जिल्लाका १० वटै स्थानीय तह र मातहतका वडा कार्यालयहरुमा समेत निर्वाचन कार्यालयबाट पठाइएको सूचना, अनुसूची-१ बमोजिमको कार्यतालिका प्रकाशन हुनेछ। सबै मतदाताहरुले प्रकाशित मतदाता नामावली हेर्न हुन र नामावलीमा रहेका त्रुटी सच्याउन, कसैले झुटा विवरण पेश गरी नामावलीमा नाम समावेश गरेको भए सो को विरोधमा उजुरी दिन र एक भन्दा बढी स्थानको मतदाता नामावलीमा नाम समावेश भएको भएमा एक स्थानमा मात्र कायम राखी अन्य स्थानको नाम हटाउन पर्ने भएमा अनुसूची-१ बमोजिमको कार्यतालिकामा उल्लेखित म्याद भित्र **applyvr.election.gov.np** मा गई अनलाइन निवेदन दिन हुन वा सम्बन्धित स्थानीय तह र वडा कार्यालयहरुबाट सम्वन्धित अनुसूची फाराम भरी पेश गर्न हुन ।

<u>जिल्ला निर्वाचन कार्यालय, इलामबाट स्थानीय तह र वडा कार्यालयहरुलाई अनुरोध ।</u>

१. जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त सूचना, अनुसूची-१ बमोजिमको कार्यतालिका मिति २०८२ मंसिर २० गते स्थानीय तह र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने, फेसबुक पेज र वेव साइटमा अपलोड गरी व्यापक प्रचार प्रसारका साथै सबै मतदाताहरुले मतदाता नामावलीमा रहेको आफ्नो नाम हेर्न सक्ने सहजता प्रदान गरिदिन व्यवस्था हुन ।

२. स्थानीय तह भित्र मृत्यु भएका मतदाताहरुको विवरण जिल्ला निर्वाचन कार्यालय इलामबाट प्राप्त ढाँचा (Format) अनुसार पूर्ण विवरण तयार गरी स्थानीय पञ्जिकाधिकारीबाट प्रमाणित गराई मिति २०८२/०८/२७ भित्र जिल्ला निर्वाचन कार्यालय इलामको इमेल deo.illam@election.gov.np मा पठाइदिने व्यवस्था हुन ।

जिल्ला निर्वाचन अधिकारी

## अनुसूची-1

(मतदाता नामावली अद्यावधिक कार्यविधि, 2081 को दफा ४ को उपदफा (2), दफा ६ को उपदफा (1), (3), (4) र दफा १३ को उपदफा (3), (10) सँग सम्बन्धित)

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, ........

**मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक कार्य 2082 साल मङ्सिर र पुस महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०८/२० | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८२/०८/२१ | २०८२/०८/२७ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८२/०८/२१ | २०८२/०८/२७ | निर्वाचन कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८२/०८/२८ | २०८२/०९/०१ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | 2082/09/02 | 2082/09/05 | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | 2082/09/06 | 2082/09/09 | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | 2082/09/15 | | निर्वाचन आयोग |

CS CamScanner

# मतदाता नामावली सच्याउने (अद्यावधिक गर्ने) तरिका

आवश्यक कागजात फोटो खिच्ने वा स्क्यान गर्ने (100 KB देखि 500 KB भित्र हुनुपर्ने)

→ Applyvr.election.gov.np वेवसाइटमा जाने
→ नामावली अद्यावधिकमा क्लिक गर्ने
→ मोवाइल नम्बर टाइप गर्ने
→ OTP टाइप गर्ने (मोवाइलमा SMS आएको हुन्छ/आफ्नै मोवाइल नम्बर प्रयोग गर्ने)
→ नयाँ अनुरोधमा क्लिक गर्ने
→ मतदाता नम्बर र जन्म मिति हाल्ने (शुद्ध तरिकाले)
→ खोज्नुस् मा क्लिक गर्ने
→ विवरण संशोधनको अनुसूची खण्ड छान्नुहोस्
→ अनुसूची-२ मतदाता नामावलीमा त्रुटि सच्चाउने विवरण
→ अनुसूची-३ झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको उजुरी      कुन गर्ने हो?
→ अनुसूची-४ मतदाता नामावलीमा दोहोरो परेको नाम हटाउने
→ विवरण सच्याउने ठाउँमा Edit (✏) को चिन्ह भएकोमा Click गरी सच्याउने
→ आवश्यक कागजातहरु पेश गर्ने (Upload गर्ने)
→ दर्ता गर्नुस् मा क्लिक गरी पेश गर्ने ।

CS CamScanner

निर्वाचन आयोग

फोन/फ्याक्स नं.- ०२७-५२३५११
E-mail- deo.illam@election.gov.np

# जिल्ला निर्वाचन कार्यालय, इलाम

## District Election Office, Ilam

पत्र संख्या- २०८२/०८३ मिति:- २०८२/०८/१९
चलानी नं.

**विषय- मतदाता नामावली अद्यावधिक (दावी विरोध) कार्यक्रम सम्वन्धी सूचना**

संवत् 2082 साल फागुन 21 गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि अन्तिम मतदाता नामावली तयार गर्न मिति 2082 मंसिर 20 गते निर्वाचन आयोगको वेव साइट www.election.gov.np मा मतदाता नामावली (दावी विरोध प्रयोजनका लागि) प्रकाशन हुदैछ । साथै इलाम जिल्लाका 10 वटै स्थानीय तह र मातहतका वडा कार्यालयहरुमा समेत निर्वाचन कार्यालयबाट पठाइएको सूचना, अनुसूची-1 बमोजिमको कार्यतालिका प्रकाशन हुनेछ। सबै मतदाताहरुले प्रकाशित मतदाता नामावली हेर्न हुन र नामावलीमा रहेका त्रुटी सच्याउन, कसैले झुटा विवरण पेश गरी नामावलीमा नाम समावेश गरेको भए सो को विरोधमा उजुरी दिन र एक भन्दा बढी स्थानको मतदाता नामावलीमा नाम समावेश भएको भएमा एक स्थानमा मात्र कायम राखी अन्य स्थानको नाम हटाउन पर्ने भएमा अनुसूची-1 बमोजिमको कार्यतालिकामा उल्लेखित म्याद भित्र applyvr.election.gov.np मा गई अनलाइन निवेदन दिन हुन वा सम्बन्धित स्थानीय तह र वडा कार्यालयहरुबाट सम्बन्धित अनुसूची फाराम भरी पेश गर्न हुन ।

**जिल्ला निर्वाचन कार्यालय, इलामबाट स्थानीय तह र वडा कार्यालयहरुलाई अनुरोध ।**

1. जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त सूचना, अनुसूची-1 बमोजिमको कार्यतालिका मिति 2082 मंसिर 2० गते स्थानीय तह र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने, फेसबुक पेज र वेव साइटमा अपलोड गरी व्यापक प्रचार प्रसारका साथै सबै मतदाताहरुले मतदाता नामावलीमा रहेको आफ्नो नाम हेर्न सक्ने सहजता प्रदान गरिदिन व्यवस्था हुन
2. स्थानीय तह भित्र मृत्यु भएका मतदाताहरुको विवरण जिल्ला निर्वाचन कार्यालय इलामबाट प्राप्त ढाँचा (Format) अनुसार पूर्ण विवरण तयार गरी स्थानीय पञ्जिकाधिकारीबाट प्रमाणित गराई मिति २०८२/०८/२७ भित्र जिल्ला निर्वाचन कार्यालय इलामको इमेल deo.illam@election.gov.np मा पठाइदिने व्यवस्था हुन ।

CamScanner

अनुसूची-४

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७८

# मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाउन दिने निवेदनको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,
जिल्ला ..............                निवेदकको गाउँपालिका/नगरपालिका..............                वडा नं. ..............

विषय:- **मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाई एक स्थानमा मात्र नाम कायम गरि पाउँ ।**

मिति .............. मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री ......................................को नाम विवरण एक भन्दा बढी स्थानमा समावेश भएको हुँदा तपसिल बमोजिम एक स्थानमा मात्र कायम राखी अर्को स्थानको मतदाता नामावलीबाट नाम हटाइदिनुहुन मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को दफा १६ बमोजिम यो निवेदन पेश गरेको छु । मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झुठो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ ।

तपसिल:

| | मतदाता नं. | नाम: | मतदाता नामावलीमा कायम ठेगाना | ना.प्र.प.नं./ जिल्ला : | उमेर : | लिङ्ग: | बाबुको नाम : | आमाको नाम: |
|---|---|---|---|---|---|---|---|---|
| **दोहोरो परेको नाम** | 1..............<br>२.............. | 1.......................<br>२........................ | 1.........................<br>२......................... | 1..............<br>२.............. | 1............<br>२........... | 1........<br>२......... | 1......................<br>२...................... | 1......................<br>२......................... |
| **कायम राख्नु पर्ने नाम** | | | | | | | | |
| **पेश गरेको प्रमाण :** | | | | | | | | |

विवरण/दरखास्त दिनेको नाम थर: .............................. दस्तखत............. ठेगाना.................................................मिति.................

---

**प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय**

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर...............................................दर्जा ........................ दस्तखत .............. मिति .............

## निर्वाचन आयोग

## मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७८

## मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन दरखास्त दिने फारामको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,
जिल्ला ............................

विषय:- **मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन दरखास्त पेश गरेको सम्बन्धमा**

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री ..................................को नामावलीमा रहेको त्रुटि सच्याउन मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को दफा १४ बमोजिम यो दरखास्त पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झुठो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| | मतदाता नं. | नाम : | ना.प्र.प.नं./ जिल्ला : | उमेर: | लिङ्ग : | बाबुको नाम : | आमाको नाम: | गाउँपालिका/नगरपालिका र वडा नं. | मतदान स्थल | अन्य विवरण ............... |
|---|---|---|---|---|---|---|---|---|---|---|
| त्रुटि भएको विवरण : | | | | | | | | | | |
| हुनु पर्ने विवरण : | | | | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | | | | |

दरखास्त दिनेको नाम थर: ............................. दस्तखत............... ठेगाना................................................मिति.................

-----------------------------------------------------------------------------------------------

**प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय**

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर...............................................दर्जा ......................... दस्तखत ............... मिति ..............

अनुसूची-३(क)

**निर्वाचन आयोग**

**मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७८**

## झुठ्ठा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नामको सम्बन्धमा दिने उजुरीको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,
जिल्ला ..........................

विषय:- **झुठ्ठा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा ।**

मिति .............. मा प्रकाशित मतदाता नामावलीमा रहेका श्री ...............................ले झुठ्ठा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको हुँदा मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को दफा १५ बमोजिम निजको नाम मतदाता नामवलीबाट हटाउनको लागि यो उजुरी दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झुठो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| नाम : | नामवलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला : | उमेर : | लिङ्ग: | बाबुको नाम : | आमाको नाम: |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नाम समावेश हुनु नपर्ने/हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |

दरखास्त दिनेको नाम थर: ........................... दस्तखत............... ठेगाना...........................................मिति.................

------------------------------------------------------------------------------------------

**प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय**

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर...........................................दर्जा ...................... दस्तखत .............. मिति .............

क) बसाइसराईको विवरण पठाउने ढाँचा

| सि.नं. | बसाइसराई गएको व्यक्तिको मतदाता नं. (अनिवार्य उल्लेख गर्नुपर्ने) | बसाइसराईको व्यक्तिको नाम | बाबुको नाम | आमाको नाम | जन्म मिति | ना.प्र.प.नं. | बसाइसराई गएको मिति | मोवाइल नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

CamScanner

क) मृत्यु भएको मतदाताको नामावली हटाउने ढाँचा

| सि.नं. | मृत्यु भएको व्यक्तिको मतदाता नं. (अनिवार्य उल्लेख गर्नुपर्ने) | मृतकको नाम | बाबुको नाम | आमाको नाम | जन्म मिति | ना.प्र.प.नं. | मृत्यु भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

CamScanner